

# दक्षिण एसियाभर लैंगिक समानताको यात्राको नेतृत्व गरेकालाई प्रदान गरिने कमला भासिन पुरस्कार

यस पुरस्कारले दक्षिण एसियाका दुई व्यक्तिलाई तल दिइएका विधामा हरेक वर्ष सम्मान गर्छ।

- गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेका महिलाहरूको जीवनका सम्बन्धमा उत्सव मनाउन
- लैंगिक समानताको बारेमा काम गरिरहेका पुरुषहरूलाई सम्मान गर्न

दुवै किसिमका पुरस्कारमा जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको/पारलैंगिक महिला तथा पुरुषहरू समावेश गरिएका छन्।

यस पुरस्कारमा भारतीय रूपैयाँ एक लाख तथा ट्रफी प्रदान गरिनेछ।

दक्षिण एसियामा काम गरिरहेका परिवर्तनका संवाहक, संस्था तथा दातृ निकायसँग सँगै सिक्न र उनीहरूसँग सम्पर्क स्थापित गर्न पुरस्कृत हुनेहरूलाई राम्रो अवसर हुनेछ।

## कसले आवेदन दिन सक्छन्?

दक्षिण एसियाका अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान तथा श्रीलंकामा बसोबास तथा काम गरिरहेकाहरूबाट आवेदन आह्वान गरिएको छ।
दक्षिण एसियामा औपचारिक रूपमा स्वीकार गरिएका भाषामा बुझाइएका आवेदनहरूलाई स्वीकारिनेछ।

## पुरस्कारका विधाहरू

1. गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेका एक महिला (जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको व्यक्ति/पारलैंगिक व्यक्ति)
2. किशोर/पुरुषहरूसँग मिली लैंगिक रूपमा न्यायपूर्ण प्रणाली निर्माण गर्न काम गरिरहेका एक पुरुष (जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको व्यक्ति/पारलैंगिक व्यक्ति)

## चयनका मापदण्डहरू

### पहिलो विधा

- आफ्नो सन्दर्भमा विगत तीन वर्षदेखि गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेको
- आफ्नो आम्दानी तथा जीवन दुवैमा आफ्नो नियन्त्रण कायम राख्नलाई सशक्तिकरण गरेको
- परिवर्तनका संवाहक हुनुका साथै अन्यको लागि अवसरहरू सिर्जना गरेको ।

महिलाहरू निश्चित जाति, समुदाय, धार्मिक समूह, वा आफ्नो यौनिक अभिमुखीकरण, लैंगिक पहिचान, अपाङ्गता, वासस्थान लगायत कुनै पनि समाजमा विद्यमान विभेदका संरचनाहरूमा आधारित भएर लामो तथा विविध किसिमको सूची हुन सक्छ र ती पक्षहरूले महिलाहरूलाई लगाएको कंक्रिट वा सिसाको पर्खाल र छानोलाई तोड्नु नै गैर पारम्परिक जीविकोपार्जन गर्नु हो । उदाहरणका लागि कमाइ नहुने काम तथा आवातजावतको बारेमा रहेका लैंगिक धारणाहरू महिलालाई सवारी चालक वा डकर्मी बन्न रोक्ने कारणहरूमध्येको एक हो किनकि ती कामहरूका लागि घरबाट दिउँसोको अधिकांश समय र कतिपय अवस्थामा राति पनि टाढा हुनुपर्छ।

गैर पारम्परिक जीविकोपार्जन तथा यस क्षेत्रका त्यससम्बन्धी उदाहरणहरूको बारेमा थप जानकारी लिन यहाँ थिच्नुहोस्।

## दोस्रो विधा

- किशोर/पुरुषहरूसँग मिली लैंगिक रूपमा न्यायपूर्ण प्रणाली निर्माण गर्न विगत पाँच वर्षदेखि काम गरिरहेको
- व्यक्तिगत तथा व्यावसायिक जीवनमा हानिकारक पुरुषत्वलाई प्रतिवाद गर्न हेरचाहमा योगदान गरेर, महिलाहरूको नेतृत्वलाई स्वीकार गरेर, सबै किसिमका लैंगिक हिंसा तथा लैंगिक रूपमा रहेका सामाजिक–सांस्कृतिक मान्यताहरूको विरुद्ध काम गरिरहेको
- परिवर्तनका संवाहक हुनुका साथै लैंगिक रूपमा न्यायपूर्ण संसार निर्माण गर्नका लागि वातावरण बनाउन अन्य पुरुषहरूलाई प्रोत्साहित गरेको

लैंगिक समानतालाई प्रवर्द्धन गर्न किशोर तथा पुरुषहरूलाई संलग्न गराउने कार्य एउटा बढ्दो अभियानको हिस्सा हो । कमलाको नारा 'गुणस्तरयुक्त पुरुषहरू समानतादेखि डराउन्नन्' भन्ने नाराले पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिन पुरुषहरूको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पारेको छ। यस विधाले आफ्नो जीवनमा रहेका पितृसत्तात्मक अभ्यासहरूको परीक्षण गर्ने, आफ्नो लाभहरूलाई स्वीकार गर्ने तथा पितृसत्ताका सीमाहरूलाई स्वीकार्ने पुरुषहरूलाई सम्मान गर्ने उद्देश्य राखेको छ। हानिकारक अभ्यासहरूलाई चुनौति दिने, महिला तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने हिंसालाई विरोध गर्ने, घरायसी हेरचाहका कामहरूको जिम्मेवारी साझा गर्ने, महिला तथा पारलैंगिक व्यक्तिहरूलाई उनीहरूको अधिकार पाउन सहयोग गर्ने आदि कार्यमा सक्रिय रहेका पुरुषहरूको हामीले खोजी गरिरहेका छौँ । ती परिवर्तनका संवाहकहरूलाई एक अर्काबाट सिक्नका लागि सहयोगी वातावरण बनाउने तथा अन्यलाई लैंगिक समानताको पैरवी गर्न उत्प्रेरित गर्ने हाम्रो लक्ष्य रहेको छ।

# समयरेखा

**२०८० फागुन २५**: आवेदन प्रक्रिया खुला गर्ने
**२०८१ जेठ २५**: आवेदन प्रक्रियाको समापन
**२०८१ असार/साउन-साउन/भदौ**: आवेदकहरूको छोटो सूची बनाउने तथा अन्तरवार्ता गर्ने
**२०८१ साउन/भदौ**: पुरस्कृतहरूको घोषणा गर्ने
**२०८१ मंसिर २५**: दिल्लीमा पुरस्कार वितरण समारोह

# अवार्डको बारेमा

दक्षिण एसियाको महिलावादी आन्दोलनकी एक नायिका कमला भासिनका जीवनभरिका सफलताहरूलाई सम्मान गर्न तथा त्यसको उत्सव मनाउन उहाँको सम्झनामा प्रदान गरिएको । गैर पारम्परिक जीविकोपार्जनका स्रोतहरूमा महिलाहरू संलग्न हुनुपर्छ भन्ने मतको उहाँ ठूलो समर्थक हुनुहन्थ्यो । लैंगिक समानतालाई प्रवर्द्धन गर्न किशोर तथा पुरुषहरूलाई संलग्न गराउने कार्यलाई पनि कमलाले वकालत गर्नुभएको थियो। कमलाको नारा 'गुणस्तरयुक्त पुरुषहरू समानतादेखि डराउन्नन्' भन्ने नाराले पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिन पुरुषहरूको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पारेको छ।

# निर्णायक मण्डल

अनु आगा (भारत); खुसी कवीर (बङ्गलादेश); नमिता भण्डारे(भारत); विन्दा पाण्डे (नेपाल); मुनिजेई जहाङ्गिर (पाकिस्तान); राधिका कुमारास्वामी, अध्यक्ष (श्रीलंका)

# पुरस्कारका साझेदारहरू

आजाद फाउन्डेसन; आईपार्टनर इन्डिया, संयुक्त अधिराज्य; न्यासनल फाउन्डेसन फर इन्डिया

यस पुरस्कारको बारेमा थप जानकारीका लागि www.kamlabhasinawards.org हेर्नुहोस्।